"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ནམ་མཁའ་ལྷུན་ རྒྱལ་པོ་ཁ

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/८३ मितिः २०८२/१२/११

चलानी नं.: ने.सं.: ११४६ चौलथ्व ७

प्रोटिन बेट मागका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/११)

प्रस्तुत विषयमा यस नमोबुद्ध नगरपालिकाको आ.व. २०८२/८३ मा सुन्तलाजात फलफूलमा क्षति गर्ने औंसा किरा नियन्त्रणका लागि प्रोटिन बेट वितरण कार्यक्रम सञ्चालन गरिने भएको हुँदा यस नमोबुद्ध नगरपालिका भित्रका ईच्छुक कृषकहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक आवेदन यस नगरपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट कार्यालय समयभित्र आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. माग निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. स्पष्ट बुझिने नागरिकताको प्रतिलिपि
४. स्पष्ट बुझिने जग्गा लालपुर्जाको प्रतिलिपि
५. सुन्तलाजात फलफूल खेती गरिएको विवरण

थप जानकारीका लागि सम्पर्क नं.: ९८६७०५४१११, ९८४८८४४४२४

बोधार्थ,

श्री वडा कार्यालय सबै – वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा – यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि दिनु हुन तथा सबै वडा कार्यालयलाई ईमेल समेत गरिदिनु हुन।

२०८२/१२/११

.....
(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner